**बिसुपर्व**

विक्रम् संवतको नयाँवर्ष अर्थात विषुपत सङ्कारान्तीलाई सुदूरपश्चिममा बिसुत्यार/बिसपती/बिसु भनिन्छ। विहानै उठेर "बिष बग्यो फूल चढ्यो" भन्दै नुहाउने चलन छ भने यो दिन ननुहाएमा बिष (अनुहार या टाउकोमा गाँठागुठी /दुख्ने डल्ला) हुने मान्यता छ। देवर भाउजूबीच एक अर्कोलाई सिस्नो लगाउने कौतुक पनि यस पर्वको अर्को आकर्षण हो। बेलुकी सेलरोटी, माणा (चामलरोटी), पुरी, बारा आदि पकाउदा गाउँभरी मिठो बास्ना छरिन्छ।

**पुतला नाच**

सुदूरपश्चिमको अछाम, डोटी र बाजुरामा प्रचलित पुतला नाचलाई रन पुतला पनि भनिन्छ। नयाँ बर्षको दिनदेखि बैशाख पहिलो हप्ता सम्म मनाइने यो पर्वलाई नारीप्रधान लोकनाचले नारीका मार्मिक पिरव्यथा झल्काउँछ। नारीले छिटो फरिया, रातो चौबन्दी र सेतो पटुकाको फेरो हातमा समाएर सामूहिक रूपमा पंक्तिबद्ध बिरहका गीत गाउँदै नाच्दा सुदूरपहाडका बस्तीमा बेग्लै रौनकता आउँछ। अछाम र बाजुराको संगममा परापूर्वकालमा घ्यारा घ्याम्पो नामका राजाले मधेसमा विवाह गरी गएकी रनमैया नामकी छोरीको मृत्यु शोकपछि उनको सम्झना गर्दै पुतला खेल खेल्न लगाएपछि यो परम्परा बसेको मानिन्छ। पुतला नाच खेल्दै छोरीले घरमा भोगेका पीडा तथा माइती घरमा विवाह नभएका युवतीले भोगेका पीडाका बारेमा बनाइएका गीत गाइने गरिन्छ।

**हरेली सङ्क्रान्ति**

कर्क सक्रान्तिलाई सुदूरपश्चिममा हरेलो हाल्ने सङ्क्रान्तिको रुपमा मनाइन्छ। साउन महिनालाई कालो महिना भनिन्छ। जेठको दिउँसो , साउनको रात्रि र पुषको प्रभातलाई सुदुरपश्चिममा एक्लै हिड्न नहुने अप्ठ्यारो समयको रुपमा लिइन्छ। विहानै घर आगन सफा गरी बेलुकी घरको दैलोमा र खेतमा हरेलो हालिन्छ। फलेको मेलको हाँगा र झिझिरकाणीलाई हरेलोको रुपमा लिइन्छ। "बुडाबुड़ि गड़ाखेत नान्दिना खाऊँ,

म्वाल झिझिरकाणी कैबाटा झाऊँ?" भनेर दुष्ट आत्मा घरभित्र नपस्ने मान्यता रही आएको छ। राती सेल, पुवा, पुरी आदि पकाउदा समय बढी लाग्ने र केटाकेटीलाई निन्द्रा लाग्ने हुनाले त्यो रात भोकै बस्ने एक कागको समेत आँखा फुटेको थियो तसर्थ त्यो रात भोको बस्नु हुदैन भनी केटाकेटीलाई सुनाउछन्।

**ओल्के सङ्क्रान्ति**

सिंह सङ्क्रान्तिलाई सुदूरपश्चिममा ओल्के सङ्क्रान्ति भनिन्छ। देवीदेवताको मन्दिर र मान्यजनलाई ओल्को दिने पर्वको रुपमा यस पर्वलाई लिइन्छ। ओल्को भनेको सम्मानमा दिइने उपहार हो। पिडालुको गाभा, फल्दै गरेको नयाँ मकैका घोगा , दही, घिउ आदिलाई ओल्कोको रुपमा दिइन्छ। नवविवाहित

वुहारीले पहिलो वर्ष साउनमा माइतीघर बस्नुपर्ने र उनलाई वर पक्षबाट माइतीघर पक्षका लागि केरा ,आँप आदि ओल्को लगी बोलाउन जाने चलन पनि छ।

**सुर्मा भवानीको जात्रा**

सुर्मा भवानी जात्रा अपिहिमाल गाउँपालिका –३ को क्षेत्ती र घाजिर गाउँमा मनाइन्छ । श्रावणको स्नानदान औंसीदेखि जात्रा सुरु भएर जनैपूर्णािमासम्म मनाइने यो जात्रालाई बिरेजात्रा पनि भनिन्छ। हरेक जोर वर्षमा ठुलो जात्रा र विजोर वर्षमा सानो जात्रा गरिन्छ। सानो जात्रामा सुर्मा सरोवरको यात्रा गरिदैन।वास्तविक जात्राचाहिँ श्रावण शुक्ल एकादशीबाट सुरु हुन्छ । सुर्मा जात्राको सम्पूर्ण व्यवस्थापन क्षेत्ती र घाजिरका बासिन्दाले मिलाउनुपर्ने चलन रहिआएको छ । यो जात्रा खास गरी तीर्थालुका लागि अति महत्त्वपूर्ण रूपमा लिइन्छ ।

जात्राका भक्तजनलाई विभिन्न वर्गमा विभाजित गरिएको हुन्छ । जात्राका मूल आयोजक क्षेत्ती र घाजिरकालाई क्रमशः उवादेशी (माथिल्लो बासिन्दा) र उनादेशी (तल्लो बासिन्दा) भनिन्छ । रोकाया र कार्की खण्डेश्वरीभित्रकै बासिन्दा भए पनि उनीहरूको इष्टकुल देवता फरक भएकोले जत्तोर (आमन्त्रित अतिथि) भन्छन् । खण्डेश्वरीभन्दा बाहिर घर भएका र पछि बसाइँ सरेर खण्डेश्वरी आएका भक्तजनलाई बाइदेशी (बाहिरको बासिन्दा) भनिन्छ। ठूलो जात्रामा सुर्मा सरोवरको दर्शन गर्न र वीरे जाने चलन रहेकोले भक्तजनहरू ठूलो जात्रामा बढी आउँछन् । सुर्मा सरोवरको कुण्डमा स्नान र दान गर्न पाउने हुनाले ठूलो जात्राको विशेष महत्त्व छ ।सुर्मा सरोवरको दर्शन गर्न जाने भक्तजनले औंसीदेखि व्रत बस्नुपर्छ । यहाँको चलनअनुसार यसै दिनदेखि कुकुर, महिला, हतियार र बिरालो छुनुहुँदैन । हरेक दिन बिहान स्नान गरेर शंख बजाई सुर्माको नाम लिनुपर्छ।उवादेशी , उनादेशी र जत्तोरहरूमध्येबाट जो जो पहिलोपटक सुर्मा सरोवरको दर्शन गर्न जान्छन्, तिनीहरूलाई बालो वीरे भनिन्छ । दोस्रो र तेस्रो पटक जानेलाई बुढो वीरे भनिन्छ । बाइदेशीमध्येबाट दर्शन गर्न जाने सबैलाई वीरे भनिन्छ । सेतो पछ्यौरीको गादो (वस्त्र बेर्ने) लगाई नाङ्गो खुट्टाले सुर्मा सरोवरसम्मको तीर्थयात्रा पूरा गरी जल तथा गंगामाटी परसादको रुपमा लिएर बिरेहरू फर्कन्छन्।

**गौरा एकादशी**

पुत्रदा एकादशीलाई गौरा एकादशीको रुपमा मनाइन्छ। यस दिन विवाहित महिलाहरू निराहार व्रत बसी त्यो वर्ष गौराव्रत गर्ने संकल्प गर्छन्।

**गौरा पर्व** गौरा पर्व सुदूरपश्चिमको महत्वपूर्ण धार्मिक एवं सांस्कृतिक पर्व हो। गौरा पर्व भाद्र शुक्ल पञ्चमीको बिरुडा पञ्चमीबाट सुरु हुन्छ। कुनै कुनै ठाउँमा अष्टमीकै दिन गौरा समापन हुन्छ भने धेरै ठाउँमा अष्टमीपछि केही दिन गौराघर या भण्डारघरमैं राखी शुभ मुहूर्त हेरी समापन गरिन्छ। यस पर्वमा विवाहित हिन्दू महिलाहरू शिव (मयासर), गौरी(गोऽरा) र गणेश (बालो) को पूजा गर्छन्।

प्राचीन हैह्यवंशी राजामध्येका सहस्त्रार्जुनले भृगुवंशी ब्राह्मणँहरूबाट आफ्नो धन फिर्ता माग्ने क्रममा ब्रह्मणलाई मारेपछि विधवा भएकी ब्राह्मणीहरूले आफ्नो सतित्व रक्षार्थ निराहार रही गरेका उपासनाको फलस्वरुप एक ब्राह्मणीले तेजिलो पुत्र लाभ गरिन् र सोही पुत्रको तेजले अन्धा हुन पुगेका सहस्त्रार्जुन नाम गरेका ती राजाले माफी माग्नु परेकाले गौरीलाई सर्वशक्तिमान सम्झी गौरा पर्व मनाउन थालिएको हो भन्ने मान्यता छ।

बिरुड़ा पञ्चमीको दिन गौरिया महिलाहरूद्वारा तामाको भाँडोमा बिरुड़ा भिजाइन्छ। बिरुड़ा भनेको केराउ , गहत, मास लगायतका पाँचथरी गेडागुडीको मिश्रण हो। षष्ठीको दिन नजिकैको फाग गाउँदै प्राचीन पँधेरामा लगी बिरुड़ा धोइन्छ। पँधेरोमा पनि कन्याहरूद्वारा धान लगायतका वनस्पतिबाट निर्मित गौराकृति ल्याइन्छ। त्यसलाई नौलाकी गौरा भनिन्छ। सप्तमीको साँझ ठुली गौरा (संजेवाली) ल्याइन्छ। गौराघरमा सबै निराहार गौरिया (गौरा ब्रतालु) महिला आफ्ना नौला दुबधाका र अन्य पूजा सामग्री सहित गौराघरमा जम्मा हुन्छन् ।गौरिया सकुन फाग गाउँछन्। पुरोहितले वेदमन्त्र वाचनगर्दै गौराकृतिको घाँटीमा सबै नौला दुबधाका बाँधेर अभिषेक गर्छन्।

दुर्बाष्टमी विशेष दिन हो । यस दिन सबै जना गौराघर आगनमा जम्मा हुन्छन्। बिरुड़ा अक्षता फूलपातीले गौराको पूजा गर्दै गौरिया अठेवाली बाच्छन्। अठेवाली शिवगौरी विवाहमा आधारित लोकगीत हो। गौरा नचाउने , फल फट्काउने, मुन्टो पुज्ने लगायतका रमाइला कार्यसँगै डेउड़ा, ठाड़ो, ढुस्को, धुम्मारी आदि लोकगीत पनि कम्मर र खुट्टाको चाल तथा ढोलक मिजुराको तालमा गोलो घेरामा घुम्दै गाइन्छन् ।

**सलेना द्वितिया**

अरु ठाउँमा द्वितीया मेला कार्तिकमा (तिहार) हुन्छ तर बैतडीको मेलौली २ , सलेनामा मङ्सिर/पुषमा हुन्छ। किम्बदन्तीअनुसार पहिले सलेनामा पनि कार्तिकमै द्वितीया मेला हुन्थ्यो रे। मेला हुने स्थान अब्बल खेतको बीचमा पर्ने र सो समय धान काट्ने समय पर्नजाने हुनाले कसैको धान काटेको हुने कसैको काट्न लायकको नभइसकेको हुने कसैको कुनिया राखेको हुने हुनाले मेला भर्न जानेलाई पनि असजिलो हुने र कृषकलाई पनि धानमा क्षती हुन जाने हुनाले सबै गाउँले मिलेर स्थानीय देवताको पूजापर्वको दिन मेला एक महिनापछि सार्न अनुरोध गरेको ...धामी कामेर एक महिनापछि सारेमा पनि सुख शान्ति तथा सहकाल दिने वचन दिएपछि कार्तिक शुक्ल द्वितीयाको एक महिनापछि अर्थात मार्गशीर्ष शुक्ल द्वितीयामा मेला लाग्न सुरु भएको रे।

अहिले मेला हुने समयमा सो खेतमा गहुँ टुसाएका हुन्छन्। मेला भर्न जाने मानिस , स्थानीय देवताका धामी, गीर समेतको चःलो आदिले गहुँ भाँचिने मात्र होइन गहुँ छरेको खेत हो कि खाली खेत हो भनेर ठम्याउनै नसकिने अवस्थामा पुगे पनि पछि गहुँ आफैं पुनर्जीवन पाई धेरै फल्ने गरेको कुरा स्थानीय कृषक बताउँछन्।